
**पृथ्वी-यात्रीको पर्चाहरू** *नेपालमा ज्योति पुऱ्याऔं* पर्चा
*के नयाँ अन्धकारको युगलाई हटाइएको हुनुपर्दछ त ?* क्रमाङ्क २
२१ सौं शताब्दीको एशियामा रहेको रूखो वास्तविकताको निम्ति विश्वव्यापी सत्यता





**दुइ पर्वतारोहीहरू मालसामानसहित अघि बढिरहेका छन.....**

# एभरेष्ट यात्रा

*नेपाल देशमा... एकजना मानिसको साँचो वृत्तान्त...*

# चट्टान जुन सबैभन्दा अग्लो छ

*कसरी नेपालको एभरेष्ट यात्राले मलाई...* ***उच्च स्थानको ताराहरूतिर डोऱ्यायो ।***

English text © 2005, 2010, 2014 by **Roddy Kenneth Street, Jr.**
नेपालको **आईजेक राई** र **माइकल राईद्वारा** नेपालीमा अनुवादित

सौजन्य : ***JesusChristNepal.com***
अरू थप ebooks, print-patterns, र निःशुल्क शिक्षण पर्चाहरूका लागि
*JesusChristIsrael.com*, *JesusChristBritain.com*,
*JesusChristBurma.com*, *JesusChristSouthKorea.com,*
र *JesusChristUSA.com* मा पनि हेर्नुहोला ।

डिसेम्बर १९७९ मा, वेरनर बउमगर्टनर र म काठमाडौं, नेपालमा थियौं, र अघिल्लो महीनामा पोखरा-मुक्तिनाथको पैदल यात्रा पूरा गरिएकोले एभरेष्टको यात्रा हाम्रो अर्को शुरूवातको लागि हामी इच्छुक थियौं । हाम्रो निम्ति एभरेष्टको यात्रा लुक्लामा शुरू हुँदथ्यो, र एभरेष्टको वेस क्याम्प नपुगेसम्म हामीले पैदलै हिँड्ने कार्यलाई निरन्तरता दिनुपर्नेथियो, त्यसपछि हाम्रो यात्रालाई लुक्लादेखि पनि हिँडेर नै फर्किनु पर्ने आवश्यकता थियो । हामीलाई थाहा थियो कि यात्रा पूरा गर्नको लागि केही हप्ता या त्यो भन्दापनि बढी नै लाग्ने छ । हामीले त्यसपछि केही संगी यात्रीहरूलाई भेट्यौं जो हामीसँगै एभरेष्टको यात्रा भनिने प्रसिद्ध क्रियाकलापको चाहना गर्नेहरूमध्येका एक भाग थिए । उनीहरू यही आकांक्षामा हाम्रो साझेदार बने, र हामीले चार जनाको एउटा यात्री दल बनायौं ।

पाइरी मयदर, वेरनर जस्तै, स्वीस थिए, र उनी पहिला स्वीट्जरल्याण्डमा भौतिक शिक्षाका शिक्षक थिए । रोवेर्टो मैनार्दी कुनै प्रकारको एक कम्प्यूटर विज्ञान प्राविधिक थिए, ठीकसँग भन्नुपर्दा मलाई लाग्छ त्यही नै हो, र उनी इटालीको मिलानबाट आएका थिए । उनीहरू दुवैले अघिबाटै केही पर्वतारोहणको कार्यलाई गरिसकेका थिए– स्वीट्जरल्याण्डका पहाडका चुचुराहरूमा र इटालीका पहाडका चुचुराहरूमा क्रमैसँग आरोहण गरेका थिए । वेरनर चाहिँ लामो समय अघिदेखि नै यात्रा गर्ने मेरो साथी थिए, उनी पहिला एक बेकर थिए जो स्वीट्जरल्याण्डका थिए जसलाई मैले यस अघि हामीहरू दुवै फिलिपिन्सको भ्रमण गर्दा भेटेको थिएँ र उनले पनि यस अघि नै थुप्रै पर्वतारोहणहरू गरिसकेका थिए । धेरै हप्तासम्मसँगै रहेर हामीले गरेका यात्राहरूका क्रममा उनी मेरा सबैभन्दा मिल्ने साथी बन्न पुगेका छन् । म स्वयं चाहिँ यस अघि एक सरकारी प्राथमिक स्कूलमा लाइब्रेरियन थिएँ, एक अमेरिकन नागरिक जो संसार हेर्नलाई निस्केको थियो, र हामीहरू सबैमध्ये, म चाहिँ नै सबैभन्दा कम सीप भएको व्यक्ति थिएँ । हाम्रो समूहमा रहेकाहरूमध्ये ममा नै पर्वत चढ्ने कम अनुभव थियो, तर पनि ममा हिमालय पर्वतलाई सामना गर्ने अझै उत्सुकता थियो ।

मलाई लाग्छ त्यस बेलामा रहेकाहरूमध्ये म मात्रै एकजना विरलै भेटिने यात्री थिएँ जो अमेरिकाको दक्षिणी भागको व्यक्ति थियो जसले संसारका त्यति टाढा रहेका भागहरूलाई वास्तविकरूपले हेर्न गएको थियो । मेरो आफ्नो अवलोकनहरूले संकेत गर्दथ्यो कि त्यहाँ अमेरिकाको दक्षिणी भागका व्यक्तिहरू त्यति धेरै थिएनन् जो ती महीनाहरूमा यात्रा गर्न गएका थिए जुन बेलामा म गएको थिएँ र मैले त्यसो गर्न लागि रहेको नै थिएँ । धेरै महीनाको मेरो अन्वेषणमा, मैलै थुप्रै यात्रीहरूलाई भेटेको थिएँ जो क्यानेडियन, अस्ट्रेलियन, जर्मनी, स्वीस इत्यादि थिए, तर दक्षिणी अमेरिकनहरूलाई चाहिँ त्यति धेरै भेटेको थिइन ।

हामी चारजनाले काठमाडौंदेखि लूक्लाको कच्ची-सडकमा अवतरण हुने उडान रहेको एउटा हवाइ जहाजको टिकट काटचौं । डिसेम्बर ११ का दिन सुरक्षितसाथ हामीहरूको अवतरण लूक्लामा भयो, जहाजबाट उत्रिसकेपछि तुरून्तै हाम्रो नयाँ पैदल यात्राको शुरूवात भइसकेको थियो ।

हाम्रो योजना अति नै साहसिलो कार्य गरेर देखाउने थिएन, मलाई त्यस्तै लाग्यो, किनभने हामीले त सिर्फ माउन्ट एभरेष्टको ठीक फेदिसम्म मात्र पुग्ने कोसिस गर्न लागेका थियौं... तैपनि त्यो उचाइमा पुग्नु नै पृथ्वीमा रहेका अरू सारा पर्वतहरूभन्दा लगभग माथि नै पुग्नु थियो ।

एभरेष्ट यात्राको बारेमा म अत्यन्तै उत्साहित थिएँ, र वास्तवमा नै त्यो सम्भवतः मेरो जीवनकाल भरिमा मैले अनुभव गरेको सबैभन्दा साहसिक कार्य हुन पुग्यो ।

त्यस समयमा म अझसम्मै पनि एक क्रमविकासवादी र मानववादी थिएँ, येशू ख्रीष्टमा एक विशुद्ध विश्वासी चाहिँ थिइन । हिमालय पर्वतका केही उच्च टाकुराहरूका उचाइमा पुगिने ममा रहेको सोचाइद्वारा म उत्तेजित हुन्थे, किनभने त्यस समयमा मैले आफूलाई विश्वस्त तुल्याएको थिएँ कि हाम्रो ब्रह्माण्डमा मानिस भएर रहनुको उद्देश्यचाहिँ सिर्फ उच्च स्थानमा पुग्नको लागि नै थियो । जसै हामीले उच्च स्थानहरूलाई आरोहण गर्दै गयौं, मैले आफू स्वयंलाई भने, मानव प्राणीहरूले यस पृथ्वीमा परमेश्वरको जस्तो दूरदर्शीतालाई प्राप्त गर्नेछन्, र यस किसिमले तिनीहरू परमेश्वरको जस्तो सचेत अवस्था तर्फ एकदमै नजीक हुन थाल्नेछन् । मैले सोचेको थिएँ कि मानव जातिको गन्तव्य हाम्रो यस ब्रह्माण्डमा उन्नति गर्दै जानु हो र त्यसो गर्नाले हामीले परमेश्वरको जस्तो शक्तिहरू प्राप्त गर्नलाई शुरू गर्नेछौं । म त्यस समयमा विज्ञानमा आधारित काल्पनिक कुराहरूको एक ठूलो प्रशंसक र नयाँ युगलाई पछ्याउने व्यक्ति थिएँ त्यसैले मसँग वास्तवमा नै प्रशस्तरूपमा अनौठा विचारहरू थिए ।

मेरा युरोपियन साथीहरू हामीले एभरेष्टको यात्रालाई शुरू गर्दा डिसेम्बर ११ भइसकेको कुरामा चासो दिइरहेका थिए किनभने उनीहरूलाई यो तथ्य थाहा थियो कि अबको कुनै पनि क्षणमा, अत्यन्तै चिसो बतास चल्नाले एकदमै खतरापूर्ण अवस्थाहरूलाई ल्याउन सक्दथ्यो, जुन हामीमाथि अचानक आइपर्न सक्दथ्यो जसै हामीहरू यात्राको ठीकबीच बाटोमा हुनेछौं । उनीहरूले निर्णय गरे कि अर्को हप्ताभरि नै हामीले छिटो-छिटो हिड्ने कार्य गर्नुपर्नेछ । ताकि हामीहरू जति सक्दो चाँडो एभरेष्ट वेस क्याम्पमा पुग्न सकेको होस् । यस तरिकाले, उनीहरूले सोचे कि हामीहरूमाथि डिसेम्बरको जाडोले ल्याउन सक्ने कुनै पनि हानीभन्दा अगाडि नै हामी हाम्रो गन्तव्यमा पुगिसकेका हुनेछौं । हामीले हाम्रो

पैदल यात्रालाई हामीमाथि कुनैपनि त्यस्तो घटना आइपर्नुभन्दा अगाडि नै सिद्धचाउनु आवश्यक थियो किनभने त्यस्तो घटना हाम्रो निम्ति अत्यन्तै खतरापूर्ण हुन सक्दथ्यो र शायद प्राणघातक पनि हुन सक्दथ्यो ।

यसैले हामीहरू हाम्रा सामानहरूलाई पछाडि बोकेरै हिमालय पर्वतहरू हुँदै छिटो-छिटो माथि उक्लन थाल्यौं ताकि हामीले पुग्नलाई इच्छा गरेको हाम्रो गन्तव्य एभरेष्ट वेस क्याम्पमा अझै द्रुतगतिमा पुग्न सकेको होस् ।

डिसेम्बर ११ मा, हामीहरूले लूक्लादेखि फाक्दिङसम्म पैदल यात्रा गऱ्यौं, जुन ८७०० फिटको उचाइमा छ, फाक्दिङबाट हिँड्दै हामीहरू नाम्चे बजार पुग्यौं । अर्को बिहान हामीहरू एकदम सबेरै उठ्यौं, र नाम्चे बजारमा पैदल यात्रीहरूका निम्ति रहेको एउटा सानो पसलबाट जाडो मौसमका निम्ति हामीलाई आवश्यकता पर्ने कपडाहरू र हिँउमा लगाउने गरूङ्गो जुत्ताहरू भाँडामा लियौं जुन हामीलाई उकालो चढ्ने कार्यलाई निरन्तरता दिनका निम्ति चाहिएको थियो । एक दुइ घण्टाको पैदल यात्रापछि नै हामीहरू फेरि पनि हिमालय पर्वतहरू उक्लिन थाल्यौं । हामीहरू आकाशतिर उक्लने एभरेष्टको पैदल यात्रा गरिने बाटोमा लागिपरेका थियौं र एकदमै बल लगाएर अगाडि बढिरहेका थियौं र जति सक्दो चाँडो उकालो चढिरहेका थियौं । हामीहरू सारा दिन नै हिँडिरहचौं, हरेक दिन नै हिँडिरहचौं, र हामीले आराम चाहिँ रातको समयको त्यस घडीमा मात्र गर्दथ्यौं, जब हामीले त्यस दिनको निम्ति चढ्नलाई आवश्यक पर्ने उचाइलाई चढिसकेका हुँदथ्यौं ।

डिसेम्बर १३ मा, हामीहरू नाम्चे बजारबाट स्याङ्गबोचेतिर लाग्यौं । हामीले छिटो-छिटो भएपनि स्याङ्गबोचे गुम्बाभित्र घुम्न पाएका थियौं, त्यसपछि हामीले एक रात चाहिँ एउटा सानो होटेलमा बितायौं जसको व्यवस्था स्याङ्गबोचेका भिक्षुहरूले गराइ दिएका थिए । डिसेम्बर १४ मा, हामीहरू स्याङ्गबोचेबाट फिरिचे तर्फ लाग्यौं । डिसेम्बर १५ मा, हामीहरू फिरिचेबाट लोबूचे तर्फ लाग्यौं ।

यसरी, हामीहरू तीव्र गतिमा उकालो चढ्न थाल्यौं, हरेक दिनको पैदल यात्रापछि प्राप्त हुने उँचाइको नयाँ तहसँगै हामीले हाम्रो उकालो चढ्ने कार्यलाई वृद्धि गर्दै लगेका थियौं । जसै हामीहरू अगाडि बढ्दै गयौं एकदमै धेरै मात्रामा हिँउ झरिरहको थियो, र म र वेरनरले देख्यौं कि हामीहरू हिडिरहँदा हाम्रा दाह्रीहरूभित्र हिँउ र बरफ जमेका थिए । अत्यन्तै चिसो अवस्थाहरूमा पनि हामीहरू घण्टौं घण्टासम्म हिँड्यौं ।

आखिरमा हामीहरू सबै नै विश्राम स्थल लोबूचेमा पुग्यौं जुन १६,१५० फिटको उचाइमा अवस्थित छ । हाम्रो यात्रालाई फेरि अर्को बिहान निरन्तरता

दिनुभन्दा अगाडि एक रातको निम्ति हामीहरू त्यहाँ विश्राम लिने भयौं । अब त एभरेष्टको वेस क्याम्प पनि हामी रहेको ठाउँबाट केवल एकदमै छोटो दुरी मात्र टाढा रहेको थियो; हामीहरू काला पत्थर पुग्नेछौं र अर्को एक दिनको हिँडाइ पछि हामी गन्तव्य वेस क्याम्पमा पुग्नेछौं, जसको निम्ति हामीले शायद थप २००० फिट या लगभग त्यति कै फिट माथि चढ्नु आवश्यक पर्नेछ । हामीले ठीक अर्को दिनमा नै त्यसो गर्न सक्दथ्यौं ।

त्यस रात मैले लजबाट बाहिर निस्केर हेरैं र आफूलाई लोबूचेको उच्चस्थलीमा उभिरहेको पाएँ, जहाँ मैले आफूलाई चारैतिरबाट पूर्णतया ती हिम शिखरहरूद्वारा घेरिएको पाएँ जुन त्यस ठाउँमा थिए... यद्यपि म रहेको लोबूचेको उच्चस्थलीबाट मैले तिनीहरूका चुचुराहरूलाई मात्र भएपनि देख्न सक्षम थिएँ । रात्री आकाशलाई आँखा उठाएर मैले हेरैं र मैले सबैभन्दा प्रचण्ड र तेजिलो ताराहरूका दृश्यलाई देखें जसलाई मैले अहिलेसम्म कहिल्यै पनि देखेको थिइँन । त्यो एउटा साह्रै अचम्मलाग्दो दृश्य थियो र जसै तारा मण्डलजस्तो बादलका बाफ मेरो टाउकोको ठीक केही फिटमाथिबाट मात्र उडेर गइरहेका थिए... ताराहरू फिँजिएको क्षेत्रप्रति म आश्चर्यचकित थिएँ जुन मेरो टाउकोमाथि घुमिरहेको थियो । मैले विचार गरिरहेको थिएँ कि ताराहरूका यस असीम क्षेत्र त ती नजीकै रहेका बादलहरूदेखि केवल एकदमै छोटो दुरी पछाडि मात्र रहेको जस्तो देखिन्छ ।

आकाशको त्यो भित्री छत मेरो निम्ति यति नजीक देखिन्थ्यो कि म निश्चित थिएँ कि मैले आफूलाई केवल अलिकति मात्र माथितिर धकेले भने मात्र पनि, मैले मेरो हातद्वारा ताराहरूलाई छुन सक्षम हुने थिएँ, मेरा औंलाहरूले ती छुने थिएँ । त्यति माथिल्लो उचाइमा त, शायद कुनै कठिनता विना नै मेरा हातले केही ताराहरूलाई समात्न सक्षम हुने थिए होलान् । म शायद अझ माथि उक्लन सक्थैं होला र परमेश्वको मुहारलाई छुने थिएँ होला । मेरो सानो उफ्राईले सजिलैसँग संसारमा अस्तित्वमा रहेका मेरा सारा सीमाहरूलाई तोड्ने थिएँ र वायुमण्डललाई फोरेर मलाई ताराहरूले पूर्ण भएमा अन्तरिक्षको घरभित्र लाने थिएँ ।

म यस दृश्यद्वारा यति प्रभावित भएँ मैले कि यस दृश्यको सम्मानमा एउटा सानो तुकान्त कविता लेख्न विवश भएको महसुस गरैं । मैले मेरो सानो नोट प्याड निकाले र प्याडको सानो पानामा लेख्न थाले :

*लोबूचेका ताराहरू*
*ताराका ग्याँस र ताराका कणका बादलहरूसँगै*
*तैरिरहेका छन्*

*बरफका चट्टानले बनेका पर्वतहरूमाथि*
*पृथ्वीका ग्याँसहरू र पृथ्वीका कणका बादलहरूसँगै*
*तैरिरहेका छन् ।*

मैले लेखेका कविताहरूमध्ये यही नै सबैभन्दा छोटो कविता थियो जसको रचना म चढेका उच्च स्थानहरूमध्ये सबैभन्दा उच्च स्थानमा हुँदा मैले गरेको थिएँ । म निश्चित थिइन कि त्यसको रचना शैली एक वास्तविक हैकू कवितासँग मेल खाँदथ्यो या थिएन, तर पनि मैले त्यसलाई "लोबूचे हैकू" भनेर नै नाम दिएँ ।

त्यसपछि म लजमा फर्के र निदाउने प्रयास गर्न थाले । मैले संसारको कुनै पनि ठाउँमा कुनैपनि बेला अनुभव गरेको भन्दा त्यो सबैभन्दा चिसो रात थियो । मेरो नर्थ फेस सिल्पिङ्ग व्याग जुन हाँसको प्वाँखले भरिएको थियो, त्यसको न्यानोले पनि मलाई तातो गराउन सकेन । नता मैले लगाएका लुगामाथिका लुगाहरूले, जसका मद्दतद्वारा एकैछिन भएपनि निदाउनलाई मैले संघर्ष गरिरहेको थिएँ । आखिरमा असजिलो मै म केही घण्टा निदाए, तर त्यो त खाली त्यति धेरै कामे पछिको थकाइ मेटाए जस्तो मात्रै थियो ।

अर्को बिहान बिउँझदाँ मलाई अलिअलि टाउको दुखिरहेको, जरो आइरहेको र रिङ्गटा लागिरहेको थियो, म एकैछिनको लागि लज बाहिर निस्के, अलिअलि रिङ्गटा लागि नै रहेको थियो, र जब मैले हिँउमा थुके मैले देखे कि मैले त अहिले रगतै थुकिरहेको थिए !

मलाई त छिटो-छिटो हिमालय पर्वत चढ्ने कार्य गरेको कारणले गर्दा उचाइको कारणले हुने विसञ्चोले छोपेको रहेछ किनभने मेरा साथीहरूले चाहेका थिए कि हामीहरू हाम्रो गन्तव्यमा मानिसलाई सम्भव भए जतिको चाँडो गरी पुगौं । मैले पछि थाहा पाएँ कि नेपालीहरूको सरकारले बनाई दिएको सुरक्षित हुनका लागि अपनाउनुपर्ने नियमहरूदेखि त हामीहरू बाहिरी सकेका रहेछौं, र जसै हामीले हरेक नयाँ तहलाई पार गर्दै थियौं हामीले त्यहाँका हावापानीमा घोलमेल हुनको निम्ति पर्याप्त समय दिएका रहेनछौं ।

मेरा यूरोपियन साथीहरूले पर्वतारोहणको सम्बन्धमा प्रशस्त अनुभव बटुली सकेका थिए जुन कारणले गर्दा उनीहरूले त्यस किसिमको जीवनको रीतिलाई सामना गर्न सक्दथे, तर यस्तो देखिन्थ्यो कि मैले चाहिँ सक्दिन्थें । म नेपालमा रहँदा लोबूचे नै मैले आरोहण गर्नसक्ने सबैभन्दा ठूलो उचाई थियो । मलाई तुरून्तै तलतिर झर्नुपर्ने भयो, म पहाडतिर फर्केर जान बाध्य भएँ । हालमा

म रहेको उचाइमा रहिरहनु मेरो निम्ति घातक हुनेथियो, त्यसैले मसँग कुनै अर्को उपाय थिएन ।

पाइरीले मलाई फिरिचेसम्म फर्कनलाई मद्दत गरे, जहाँ मैले त्यस दिनको बाँकी रहेको समयलाई बिताएँ, जसै उनी चाहिँ लोबूचेमा रहेको हाम्रो पैदल यात्रीको समूहमा फेरि सामेल हुन गए । अर्को दिन म स्याङ्गबोचेतिर झरें, उचाइको कारणले गर्दा हुने विसञ्चोले भने मलाई अझ तलतिर झर्नलाई बाध्य बनाइरहेको थियो र मेरो स्वास्थ्यको सुधारको लागि त्यही नै आवश्यक थियो । म ओह्लालो झरिरहँदा वेरनर र अरू दुइजना काला पत्थरबाट हुँदै एभरेष्ट क्याम्पतिर उकल्दै थिए ।

तर त्यसबेला सम्ममा त मेरो स्वास्थ्य फेरि सामान्य होस् भन्ने कुराको चाहनामा मात्र म हतारिएको थिएँ... र साथै मैले मेरो स्लीपिङ्ग व्यागलाई पहिले रहेको भन्दा अझै नरम ठाँउमा राख्ने चाहना गरेको थिएँ । मैले कुनै यस्तो कुरालाई भेट्नु आवश्यक थियो जुन एउटा वास्तविक वेडरूमसँग र आगो ताप्ने ठाँउ भएको कोठासँग मेल खाओस्, स्याङ्गबोचेको होटेलमा मात्र त्यो कुरा उपलब्ध भयो किनभने त्यो एक ऐश-आरामको विषय थियो । त्यहाँ मैले पैदल यात्रामा गएका मेरा साथीहरूलाई पर्खेर बस्न सक्दथेँ । पर्वतका टाकुराहरूतिर उक्लेर जानुभन्दा कता-कता बिस्तारै हामीहरू ओह्लल्ने बेलामा हिँड्न थाल्यौ, जलवायु परिवर्तन हुने सम्बन्धमा पनि हामीहरू त्यति चिन्तित थिएनौं । हाम्रो सहमति अनुसारको योजना चाहिँ हामीहरू सबै सँगै मिलेर नाम्चे बजारमा एकसाथ ख्रीष्टमस मनाउनु थियो, र त्यहीँ नै हो जुन हामीले गऱ्यौं ।

जब मेरा साथीहरू एभरेष्ट वेस क्याम्पमा पुगे, उनीहरूले त्यहाँ एउटा सानो स्वीस झण्डालाई गाडे जसमा हामी चारै जनाले हस्ताक्षर गरेका थियौं । हामीले त्यसलाई केही दिन अघि नै तयार पारिसकेका थियौं, जसै हामीहरू एभरेष्ट यात्राको लागि ठीक परिरहेका थियौं । स्वीस झण्डमा रहेको सेतो क्रसको माथिल्लो भागमा, मैले यी शब्दहरूलाई लेखेको थिएँ “मानिसले सँधै उकालो चढिरहेको हुनुपर्दछ, जब सम्म ऊ ताराहरू भएको ठाउँमा पुग्दैन ।”

मैले यस पृथ्वीमा बिताएको मेरो जीवनभरिमा मैले चढेका उच्च स्थानहरू मध्येमा सबैभन्दा उच्च स्थान लोबूचे नै हो, र ताराहरूको जुन दृश्य मैले त्यस उचाइमा पुग्दा देखे एक किसिमले एभरेष्टको पैदल यात्रा गर्दा मैले भोग्नुपरेका अत्यन्तै कठिन समस्याहरू सबै नै महत्वपूर्ण बने ।

डिसेम्बर १९७९ को त्यस चिसो रातमा जब मैले लोबूचेलाई प्राप्त गरे मैले विचार गरेको थिएँ कि म उच्च स्थानको दुरदर्शीतामा पुगेको छु । तर

वास्तविकतामा चाहिँ म पुगेको थिइन रहेछु । किनभने त्यो रोमाञ्चक कुरा त पछिको समयमा आउनेवाला थियो, जब मैले आफूलाई त्यस ठाउँमा पुऱ्याए जहाँ परमेश्वरले मलाई राख्ने इच्छा गर्नुभएको थियो ।

मैले पाएँ कि आफूले गरेका कार्यमा अहङ्कार गर्नुले, ममा केही असल कुरा ल्याएन तर आकस्मिक अवनति मात्र जसले मेरो अहमलाई अलिकति चोट पुऱ्याएर छोडयो ।

विनम्रताले, जे भए पनि, पछिका मितिमा मेरो लागि परमेश्वरको अनुग्रहलाई प्राप्त गर्नेछ र उहाँको यस फैलिएको ब्रह्माण्डलाई अझ राम्रोसँग बुझ्ने ज्ञान प्राप्त हुनेछ ।

लोबूचेको छोटो भ्रमण जुन मैले कुनै बेला उक्लेको हिमालय पर्वतका सबैभन्दा उच्च स्थान हो र त्यसद्वारा पाएका सारा उत्साहले पनि वास्तविकतामा मैले त्यस समयमा चाहिँ “सबैभन्दा उच्च स्थानलाई” प्राप्त गरेको थिइन । तर त्यसको करीब ६ महीना पछि चाहिँ म अवश्य नै सबैभन्दा उच्च स्थानमा पुग्नलाई सफल भएँ जब मैले प्यासेफिक आइलको ग्वाममा पुगेको केही समय लगतै स्वर्गका प्रभु र मानव जातिका उद्धारकर्ताको रूपमा येशू ख्रीष्टलाई विश्वास गरेँ ।

नेपालमा छँदा मलाई थाहा नभएको कुरा चाहिँ यही थियो : मानव प्राणीहरूले सिर्फ उन्नतिको पथमा हिँडेर मात्र कहिल्यै पनि कुनै वृहत ज्ञानलाई हासिल गर्ने छैनन्, नता ठूला-ठूला पर्वतहरूलाई चढ्ने सरल प्रक्रियाद्वारा उनीहरूलाई कुनै किसिमको वास्तविक ज्ञान नै प्रदान गराइनेछ । हवाइ जहाजमा या अन्तरिक्ष यानमा या कुनै अन्तर्ग्रहिक विमानमा माथितिर उडेर पनि मानिसले कहिल्यै पनि परमेश्वरको ज्ञान र बुद्धिलाई बुझ्न सक्ने वास्तविक स्थानमा पुग्ने छैन । तपाईं परमेश्वर कहाँ पुग्न त सक्नुहुन्छ होला, तर त्यसको निम्ति खाली भौतिक रूपमा उकालो चढ्नु मात्र पर्याप्त छैन त्यसले तपाईंको दिमागलाई पनि सँगसँगै यात्रामा लग्न जरूरी छ ।

मानव जातिले अहिले रहेकोभन्दा राम्रो अन्तरिक्ष यानहरू निर्माण गरेर ताराहरूको यात्रा गर्नलाई प्रयास गरेतापनि, त्यस कार्यले हामीलाई परमेश्वर रहनुभएको जस्तो दर्जामा पुग्नलाई अलिकति पनि पुऱ्याउन सक्नेछैन । मानव प्राणीहरू कहिल्यै पनि परमेश्वर बन्न सक्दैनन् र जबसम्म हामीहरू पापी मानिसका रूपमा रहेका हुन्छौं हामीहरू परमेश्वरको नजीक पनि जान सक्दैनौं । परमेश्वर यति शुद्ध र पवित्र हुनुहुन्छ कि उहाँले पापलाई घृणित भेट्टाउनु हुन्छ र

उहाँ त्यसको नजीक पनि जान सक्नुहुन्न । उहाँ ज्योति हुनुहुन्छ र उहाँमा कुनै अन्धकार छैन ।

मानव प्राणीहरू कहिल्यैपनि परमेश्वर बन्न सक्दैनन् । तर परमेश्वर मानव प्राणी बन्नलाई सक्षम हुनुभएको थियो र उहाँले हाम्रो भलाइको निम्ति त्यसो गर्नुभयो, र कन्या मरियमबाट उहाँको जन्म हुँदा उहाँलाई बेतलेहेममा रहेको डूँडमा राखिएको थियो । यस प्रकारले नै ज्योति र प्रेमका परमेश्वरले दुष्ट मार्गहरूमा रहेका पृथ्वीका बासीहरूलाई छुटकारा दिनका निम्ति व्यूह रचना गर्नलाई सक्षम हुनुभएको थियो ।

हामीले परमेश्वरको ज्ञान र बुद्धिलाई तब मात्र बुझ्नलाई आरम्भ गर्न सक्दछौं जब हामीहरू येशू ख्रीष्टको वचन र उहाँको जीवनसँग एकदमै परिचित हुन थाल्दछौं, र हामीले त्यस लक्ष्यलाई केवल तब मात्र पूरा गर्न सक्दछौं जब हामीले एकदमै मेहेनतसाथ ख्रीष्टियन बाइबलमा रहेका पवित्र धर्मशास्त्रका वचनहरूलाई अध्ययन गर्दछौं ।

जबदेखि तपाईंले येशूको मुहारलाईं स्पष्टरूपले ठीकसँग देख्न थाल्नुहुँदछ, तपाईंले उहाँलाई ईश्वरीय सर्वशक्तिमान प्राणीको रूपमा चिन्नुहुनेछ र त्यही नै उहाँ साँचो रूपले हुनुहुन्छ, र तपाईंले ती सारा वचनहरूप्रति अझ धेरै प्रशस्त मात्रामा ध्यान दिनलाई शुरू गर्नुहुनेछ जुन उहाँले बोलिसक्नुभएको छ । जब तपाईंले एक-एक गरेर येशूको वचनहरूलाई राम्रोसँग अध्ययन गरिसक्नुभएको हुनेछ, तपाईंले येशू ख्रीष्टको मन र ज्ञानलाई बुझ्न शुरू गर्नुहुनेछ र त्यसले तपाईंलाई सर्वशक्तिमान परमेश्वरको मन र बुद्धिलाई पनि बुझ्नलाई मद्दत गर्नेछ, जो माथि स्वर्गमा रहनु हुने पिता हुनुहुन्छ ।

तर केवल माथितिर उक्लनु, या माथितिर उड्नुले कुनै पनि मानव प्राणीलाई कहिल्यै पनि परमेश्वरको तहमा ल्याउन सक्दैन । ठीक त्यसै गरी तपाईंको आफ्नो क्रियाकलापहरू र तपाईंको आफ्नो असल कार्यहरूले पनि तपाईंलाई स्वर्ग पुऱ्याउन असम्भव छ, किनभने तपाईं पनि एक व्यक्ति हुनुहुन्छ जसले कता-कता एकदमै धेरै पटक पाप गरिसकेको छ र सर्वशक्तिमान परमेश्वरको पवित्र उपस्थितिमा जानको निम्ति जिन्दगीभरको समयमा पनि कहिल्यै योग्य ठहरिन सक्ने छैन ।

स्वर्गमा हुनुहुने पवित्र परमेश्वरको निम्ति पाप घृणित छ, र उहाँले पापलाई उहाँको उपस्थितिमा प्रवेश गर्नलाई अनुमति दिनुहुनेछैन ।

जबसम्म तपाईं एउटा सानो बालक बन्नु हुन्न जसले अझसम्मै आफ्नो व्यवहारको निम्ति जिम्मेवारी लिन उमेर पार गरेको हुँदैन, तबसम्म परमेश्वरले तपाईंलाई स्वर्गमा प्रवेश गर्नको निम्ति योग्य ठहराउनु भएको हुँदैन । उहाँ कुनै यस्तो वयस्क मानिसको नजीक जानु हुनेछैन जो अपवित्र र अधर्मी छ, त्यस मानिसको संसारिक मृत्यु भएपछि पछाडि छोडिएको उसको वृद्ध भौतिक शरीर सामुन्ने पनि उहाँ पर्नुहुनेछैन ।

तपाईंले जस्तोसुकै प्रयास गरे पनि, त्यस तरिकाले तपाईं स्वर्ग जान सक्नुहुन्न !

प्राचीन समयहरूमा, इस्राएलमा पनि, थुप्रै मानिसहरू थिए जसले पर्वतहरूका उच्च स्थानहरू उक्लेका थिए... तर उनीहरूले के गरे जब उनीहरू त्यहाँ पुगे ? उनीहरू साधारणतया झूटा देवताहरूका निम्ति वेदीहरू स्थापना गर्नमा नै व्यस्त हुँदथे, र उनीहरूले आफ्ना पुराना मूर्तिहरूलाई पनि ल्याए र आराधना गर्नका निम्ति उच्च स्थानहरूमा तिनीहरूलाई स्थापित गरे । यी सबै वेदीहरू र मूर्तिहरूलाई इस्राएलका "उच्च स्थानहरूमा" स्थापित गरिएकाले अब्राहाम, मोशाका साँचो परमेश्वर र येशू त्यसपछि अत्यन्तै क्रोधित हुन थाल्नुभयो ।

मैले सोचेको थिएँ कि उच्च स्थानहरूलाई चढ्दै जानाले एक व्यक्तिको दुरदर्शीता र चेतनाको तह पनि उच्च बन्दै जाँदछ । मैले सोचेको थिएँ कि वस्तुहरूलाई हेर्नको निम्ति परमेश्वरको जस्तै दृष्टि पाइसकेपछि त त्यस व्यक्तिले परमेश्वरको जस्तै नै चेतनालाई प्राप्त गर्नेछ, र त्यस्तो खालको कुनैपनि मानव प्राणी परमेश्वको तहको अलिकति धेरै नै नजीक पुग्नेछ ।

मलाई त्यति बेला थाहा थिएन कि मानव प्राणीहरूले उनीहरू स्वयंमा भएका शक्तिद्वारा कहिल्यै पनि परमेश्वरसम्म पुग्न सक्दैन्थे– चाहे उनीहरूमा जति नै दृढ निश्चय नै किन नहोस् र चाहे उनीहरूले आफ्ना प्रयासहरूमा जति नै धेरै शक्ति नै किन खर्च नगरून् । मानव प्राणीले प्रायः विचार गर्दछ कि उसले माथि उकालो चढ्नलाई तबसम्म प्रयास गरिरहन सक्दछ जबसम्म आखिरमा उसले आफ्नै प्रयासद्वारा परमेश्वरकहाँ पुग्दैन । तर सत्यता यो हो कि "कुनै पनि मानव प्राणीले" कहिल्यै पनि परमेश्वरको तहसम्म पुग्ने गरी माथि उक्लन सक्दैन र परमेश्वर जस्तो पनि बन्न सक्दैन । वास्तवमा, केवल माथि उक्लने प्रयास गरेर उच्च स्थानहरूमा पुगेर मात्र कुनै पनि मानव प्राणीले कहिल्यै पनि परमेश्वरसँग भेट्ने अवसरलाई प्राप्त गर्ने छैन ।

मानिसले परमेश्वरलाई भेट्नको लागि चाहिँ सर्वप्रथम उहाँ नै हामीहरूलाई भेट्नको निम्ति तल झर्नुपर्दछ । परमेश्वर केवल तबमात्र मानिसहरूका पहुँचमा हुनुहुन्छ जब उहाँ हाम्रो तहमा तल झर्नुहुन्छ ।

त्यही कारणले गर्दा परमेश्वरले मानव शरीरलाई धारण गरेर येशू खीष्टको रूपमा करीब २००० वर्षभन्दा पहिले यस पृथ्वीमा ओह्रल्नुभयो । परमेश्वर पुत्रले येशू खीष्ट, पवित्र परमेश्वरको पुत्रको अवतार लिनु भएको थियो, जब उहाँ कन्या मरियमबाट बेतलेहेमको एउटा सानो शहरमा जन्मनुभयो । येशू खीष्टले नै हाम्रो आफ्नै तहबाट पिता परमेश्वरलाई भेट्नलाई सम्भव तुल्याउनुहुन्छ ।

हाम्रो आफ्नै इच्छाले चाहिँ परमेश्वरकहाँ पुग्नलाई कहिल्यै पनि सफल नहुने भएको कारणले गर्दा, उहाँ नै तल पृथ्वीमा आउनुभयो र हामीहरूलाई स्वर्ग जाने एउटा सजिलो बाटो देखाउनुभयो, एउटा मार्ग जसले वर्षौंसम्म गरिएका यी व्यर्थ र काम नलाग्ने आरोहणले भन्दा कता-कता एकदमै असल समाधान दिँदछ । उहाँले हाम्रो निम्ति उहाँको ईश्वरीय उपस्थितिमा पुग्नको निम्ति एउटा सजिलो बाटो उपलब्ध गराउनुभयो एउटा मार्ग जसमा कुनै त्यस्ता अहङ्कार उत्पन्न गराउने आरोहणको कार्यको आवश्यकता थिएन । जुन एउटा यस्तो मार्ग हो जसमा केवल तपाईंको हृदय, मन र जीवनले परमेश्वरको सामुन्ने ठीक ठहरिएको हुने विनम्र र वास्तविक चाहनाको मात्र आवश्यकता छ ।

परमेश्वर पृथ्वीमा फेरि ओह्रल्नुहुन्छ हरेक पटक जब कुनै मानिसले येशूमाथि भरोसा राख्दछ र येशू खीष्टको रगतको बलिदानद्वारा पापदेखि उद्धार पाएको होस् भनी प्रार्थना गर्दछ । तपाईंको मनमा शायद यो प्रश्न उठ्न सक्छ, “यस्तो कसरी सम्भव हुन्छ र ? कि परमेश्वर अझ सम्मै पनि मानिसहरू कहाँ यहाँ यस पृथ्वीमा, हरेक दिन– र अहिले पनि ओह्रलेर आइरहनुभएको छ ?”

सही कुरा यही नै हो । परमेश्वरले यसो उहाँको पवित्र आत्माद्वारा गर्नुहुन्छ, जो परमेश्वरको ईश्वरीय त्रिएकत्वमा तेस्रो व्यक्ति हुनुहुन्छ । हरेक पटक जब कुनै व्यक्तिले येशू खीष्टलाई मानवजातिको उद्धारकर्ताको रूपमा भरोसा गर्दछ र उहाँलाई आफ्नो प्रभु र शासक बन्नको निम्ति प्रार्थना गर्दछ र उहाँले उसको जीवनमाथि शासन गर्नुहुनेछ र परमेश्वरको पवित्र आत्माको उपस्थितिमा रहने वरदान त्यस व्यक्तिलाई प्राप्त हुन्छ ।

पवित्र आत्मा पृथ्वीमा ओह्रल्नुहुन्छ र विश्वासीको हृदयमा प्रवेश गर्नुहुन्छ, चाहे त्यो पुरूष होस् या स्त्री होस्, उसलाई उचालेर ईश्वरीय स्थानमा पुऱ्याउनुहुन्छ जुन सबैभन्दा उच्च स्थानको तह हो । परमेश्वर पवित्र आत्मा

त्यसपछि तपाईंभित्र रहि नै रहनुहुन्छ तपाईंलाई सँधै नै तालिम दिन र तपाईंलाई सिकाउनका निम्ति... ताकि तपाईंले ईश्वरीय प्रोत्साहनको तहमुनि रहेर धेरै जसो समय बिताउन सकेको होस् जुन सबैभन्दा उच्च स्थानमा रहेको समय नै हो ।

परमेश्वरको पवित्र आत्माले यसरी तपाईंलाई परमेश्वरको जस्तो चेतनाको एक वास्तविकरूप दिँदछ जसले तपाईंलाई परमेश्वरको वचनका सारा सत्यताहरूलाई ख्रीष्टियन बाइबलको पवित्र धर्मशास्त्रका पदहरूमा जस्तो भेटिन्छन् ठीक त्यस्तै गरी अझ राम्रोसँग बुझ्नलाई अनुमति दिँदछ ।

परमेश्वर पवित्र आत्मा, ईश्वरीय त्रिएकत्व एक व्यक्ति हुनुहुन्छ जसले परमेश्वर पिता र परमेश्वर पुत्रलाई समावेश गर्दछ, पवित्र आत्माले तपाईंलाई उच्च स्थानतिर उठाइएको हुने इच्छा गर्नुहुन्छ जो येशू ख्रीष्टको दिमाग हुनुहुन्छ– त्यो पवित्र व्यक्ति चाहिँ "चट्टान हुनुहुन्छ जो मभन्दा उच्च हुनुहुन्छ । तपाईंको मुक्तिको चट्टान रहेको त्यो नयाँ माथिल्लो स्थानबाट, तपाईंले यस पृथ्वीमा एउटा नयाँ दुरदर्शीतालाई प्राप्त गर्नुहुनेछ र ख्रीष्टमा तपाईं एउटा नयाँ प्राणी बन्नुहुनेछ ।"

जब तपाईंको उद्धार हुन्छ, तपाईंले थाहा पाउनुहुनेछ कि येशू ख्रीष्ट ब्रह्माण्डको प्रभु हुनुहुन्छ र तपाईंको मुक्तिको चट्टान हुनुहुन्छ । मुक्तिको चट्टानलाई आरोहण गर्नु हिमालय पर्वतका उचाइहरूमा पुग्नु या माउन्ट एभरेष्टको शिखरमा पुग्ने केही ठूला सपनालाई पुरा गरेकोभन्दा पनि एकदमै अधिक मात्रामा महत्वपूर्ण छ ।

येशू ख्रीष्ट मुक्तिको चट्टान हुनुहुन्छ, र त्यो एउटा यस्तो चट्टान हो जसले तपाईंलाई पहिले कुनै पनि बेलामा पुगेकोभन्दा कता-कता एकदमै उच्च स्थानमा पुऱ्याउँदछ । उहाँ एक चट्टान हुनुहुन्छ जसले तपाईंलाई माथि आकाशतिर उचाल्ने छ र वास्तविकरूपले नै तपाईंलाई परमेश्वरको दिमागसँग परिचित तुल्याउनेछ !

म अचम्भित भएँ जब मैले ताराहरूका दृश्यलाई देखें जुन मेरो टाउकोमाथि थिए जसै म लोबूचेको त्यस मैदानमा खडा थिएँ, हिमालय पर्वतका उच्च टाकुरा हुने स्थानमा थिएँ ।

तर पवित्र आत्माले तपाईंलाई त्योभन्दापनि अझ राम्रो दृश्य देखाउनु हुनेछ जब उहाँले तपाईंलाई ख्रीष्टको दिमाग र सारा सत्यतालाई हेर्नको निम्ति उचाल्नुहुन्छ जसलाई हामीले पवित्र धर्मशास्त्रका पदहरूमा पाउँदछौं !

के तपाईंलाई थाहा छ कि पवित्र बाइबलले स्वर्गका "ताराहरू" भनेर परमेश्वरका स्वर्गदूतहरूलाई उल्लेख गर्दछ ?

जब परमेश्वरको पवित्र आत्माले तपाईंलाई माथिल्लो स्थानतिर उचाल्नुहुन्छ, तपाईंले मुक्तिको चट्टान, येशू ख्रीष्टमाथि घुँडा टेक्नु हुन्छ, र तपाईंले थाहा पाउनुहुन्छ कि उहाँ तपाईंको हृदयको प्रभु मात्र होइन कि त्यसभन्दा कता-कता एकदमै बढी हुनुहुन्छ । उहाँ ब्रह्माण्डको प्रभु र हाम्रो संसारको ज्योतिभन्दा कता-कता एकदमै बढी हुनुहुन्छ ।

बाइबलले सिकाउँदछ कि कन्या मरियमको कोखबाट शिशुको रूपमा मानव अवतार लिएर जन्मिनुभन्दा लामो समय अघिदेखि नै परमेश्वर पुत्रको रूपमा येशू ख्रीष्ट अस्तित्वमा रहनुभएको थियो । बाइबलले भन्दछ कि हाम्रो ब्रह्माण्डमा रहेका सबै कुराहरू "उहाँद्वारा नै र उहाँकै निम्ति सृष्टि गरिएका थिए ।" परमेश्वरको ईश्वरीय त्रिएकत्वमा रहेका तीन व्यक्तिहरूमध्येको एक हुनुभएकोले नै, तपाईंले देख्नसक्नु हुन्छ कि परमेश्वर पुत्र वास्तवमा यस पृथ्वीको र सम्पूर्ण ब्रह्माण्डको सृष्टिकर्ता हुनुहुन्छ जहाँ हामीहरू रहेका छौं !

त्यसको मतलब हुन्छ कि येशू ख्रीष्ट नै साँचो रूपले एक दृढ चट्टान हुनुहुन्छ किनभने उहाँ पृथ्वी ग्रहको खास जग हुनुहुन्छ !

र एकचोटि जब तपाईंले यो सब कुरालाई बुझ्नुहुन्छ तब परमेश्वरको स्वर्गहरूका विषयमा बुझ्नलाई शुरू गर्नको निम्ति तपाईंलाई एकदमै धेरै सजिलो हुनेछ । जसै तपाईंले पवित्रशास्त्र बाइबलका पदहरूलाई गहिरिएर अध्ययन गर्नलाई शुरू गर्नुहुनेछ, तपाईंले शायद थाहा पाउनलाई शुरू गर्नुहुनेछ कि रात्रीका आकाशमा तपाईंको टाउकोमाथि केवल ताराहरू मात्र होइन कि अरू कुराहरू पनि छन्...

तपाईंले शायद आफ्नो जीवनमा स्वर्गदूतहरूको क्रियाकलाप भइरहेको पनि थाहा पाउनुहुनेछ ।

तपाईंले निश्चय नै थाहा पाउन शुरू गर्नुहुनेछ कि हाम्रो संसारमा एकदमै धेरै मात्रामा स्वर्गदूतहरूले लडाइँ गरिरहेका छन् र तपाईंलाई यो बुझ्नको निम्ति बाध्य बनाइने छ कि पृथ्वी ग्रहमा मानिसहरूलाई बचाउनका निम्ति रहेको अभियानमा तपाईं एउटा निर्णायक तत्व हुनुहुन्छ । यो कुरा तपाईंलाई चाडैं नै स्पष्ट हुनेछ जब तपाईंको उद्धार हुनेछ । ख्रीष्टमा मुक्तिलाई भेट्टाउनु एउटा ठूलो आशिष हो, किनभने उहाँले तपाईंको आत्मालाई नरकको भयबाट छुटकारा दिनुहुन्छ र निश्चयता दिनुहुन्छ कि परमेश्वरसँग तपाईंमा अनन्त जीवन हुनेछ ।

तर येशू ख्रीष्टमा तपाईं एक साँचो विश्वासी, एक ख्रीष्टियन भइसकेपछि पनि तपाईंको जीवनमा संघर्ष बाँकी रहनेछ ।

ख्रीष्टको राज्य नआउञ्जेलसम्म नै आत्मिक युद्धले यस ग्रहलाई सखाप पार्नेछ र यस पृथ्वीका बासिन्दाहरूलाई उद्धार गर्नका निम्ति परमेश्वरको संघर्षमा तपाईंलाई मद्दत गर्नको निम्ति बोलाइनेछ ।

परमेश्वर पिता र उहाँको पुत्र येशू ख्रीष्टद्वारा अनन्त जीवन प्राप्त गर्न तपाईंलाई परमेश्वरको सामुन्ने स्वीकार गरिन योग्यको बनाइएको हुनुपर्दछ, ताकि उहाँले तपाईंलाई हेर्न सकेको होस् र सारा पाप र फोहरलाई देख्न नसकेको होस् जसले तपाईंलाई दूषित तुल्याएको छ । त्यहाँ केवल एउटा मात्र मार्ग छ जसद्वारा परमेश्वरको उपस्थितिमा तपाईंले प्रवेश गर्न सक्नुहुनेछ : येशूको नाउँमा तपाईंको सारा पापहरू क्षमा गरिएको हुनुपर्दछ र येशू ख्रीष्टको रगतमा तपाईंलाई धोइएको हुनुपर्दछ, ताकि तपाईंको साथमा “सेतो पोशाक” होस् जसको आवश्यकताको माग परमेश्वरले तपाईंको निम्ति गर्नुहुन्छ ।

यही तरिकामा, परमेश्वरले तपाईंलाई उहाँको पुत्र येशू ख्रीष्टको धार्मिकताको श्रेय दिनुहुनेछ, तरपनि त्यसलाई प्राप्त गर्नका निम्ति तपाईंले कुनै विशेष काम गर्नु भएको हुनेछैन...सिर्फ यस बाहेक कि तपाईंले आफ्नो मुक्तिको लागि येशूमाथि विश्वास गर्नुभयो र उहाँको रगतको बलिदानको निम्ति उहाँमाथि भरोसा गरिरहनुभएको छ । तपाईं स्वर्गको उचाइमा पुग्न सक्नुहुन्छ तर त्यहाँ पुग्ने केवल एउटा मात्र बाटो छ र केवल त्यहीद्वारा मात्र तपाईं त्यहाँसम्म पुग्न सक्नुहुन्छ । येशू ख्रीष्टसँग तपाईं जोडिएको हुनुपर्दछ र येशूको मण्डलीको भागको रूपमा उहाँसँग बाँधिएको हुनुपर्दछ जसलाई पवित्र बाइबलले “थुमाको दुलही” भन्दछ ।

सर्वशक्तिमान परमेश्वरले त्यसपछि तपाईंलाई येशू ख्रीष्टसँग “विवाह” गरिएको ठहऱ्याउनुहुन्छ, पापरहित र परमेश्वरको धार्मिक पुत्रसित विवाह गरिएको सम्झनुहुन्छ । एक अर्थमा, येशूको पवित्रतामा नै तपाईं “एउटै शरीर” बन्नुहुन्छ, सोही कारणले गर्दा नै परमेश्वरले तपाईंलाई उहाँको पुत्रको पवित्रतामा रहेको श्रेय दिनुहुन्छ ।

यस पृथ्वीमा कुनै पनि बेलामा जिउने व्यक्तिहरूमध्ये केवल एकमात्र पापरहित र धार्मिक व्यक्ति भएतापनि येशूले तपाईंका पापहरूका सजाय स्वरूप यातना र मृत्यु दण्डलाई भोग्नुभयो । मानव इतिहासमा त्यो संकटमय र खतरालेपूर्ण घटना थियो : त्यो मानव जातिको कामकुरोहरूमा परमेश्वरको ईश्वरीय हस्तक्षेपको क्षण थियो । त्यो एउटा अचम्मको घटना थियो, र त्यसलाई

येशू ख्रीष्टको पुनरूत्थानको आश्‍चर्यकर्मद्वारा पछ्याइएको थियो । जब तपाईं उहाँलाई पछ्याउने व्यक्ति बन्नुहुन्छ र येशूलाई तपाईंको जीवनको प्रभु बनाउनुहुन्छ, अर्को एउटा ठूलो आश्‍चर्यकर्म घटित हुन्छ । परमेश्‍वरले तपाईंलाई एउटा छोप्ने कुरा दिनुहुन्छ जसले तपाईंको सारा पापहरूलाई उहाँको नजरदेखि लुकाउँदछ र उहाँको पुत्रको पवित्र रगतले शुद्ध पारिएका व्यक्तिको रूपमा तपाईंलाई देखापार्दछ ।

येशू ख्रीष्टले तपाईंका पापहरूका सारा दण्डलाई भोग्नुभयो जब उहाँ कलवरी डाँडाको काठको त्यस क्रूसमा मर्नुभयो, उहाँ परमेश्‍वरको पापरहित र धर्मी पुत्र भएतापनि र कुनै पनि गलत कार्यको उहाँ दोषी नभएतापनि उहाँले त्यो सजायलाई लिनुभयो । उहाँ त्यस यातना र अपमानको योग्य हुनुहुन्थेन, तर उहाँले त्यो सबैलाई र अरूलाई पनि सहनुभयो र आफू स्वयंमाथि सारा संसारको पापहरू र दोषलाई लिनुभयो । उहाँले तपाईंका पापहरूका निम्ति सजायलाई प्राप्त गर्नुभयो ताकि तपाईंले ती सहनु नपरेको होस् !

अब तपाईंले उहाँको कष्ट भोगाइको इनामलाई प्राप्त गर्न सक्नुहुन्छ र तपाईंको आफ्नै जीवनकालमा नै येशूको धार्मिकताको श्रेयलाई प्राप्त गर्न सक्नुहुन्छ, तपाईंले त्यसलाई पाउनको लागि केही नगरेको भएतापनि...र यस पृथ्वीमा आज जिइरहेका अरबौं अरू पापीहरूभन्दा अलिकति पनि असल नभएतापनि र तपाईं केवल एउटा पापी मानव प्राणी भए तापनि त्यसलाई तपाईंले प्राप्त गर्न सक्नुहुनेछ । त्यो एउटा आश्‍चर्यकर्म हो जसलाई प्राप्त गर्न तपाईं योग्य हुनुहुन्न, तर येशू ख्रीष्ट र स्वर्गमा हुनुहुने उहाँको पिताद्वारा प्राप्त गर्ने त्यो एउटा सित्तैंको वरदान हो, जसलाई दिने बेलामा परमेश्‍वरको पवित्र आत्माले पनि मद्दत गर्नुहुन्छ ।

तपाईंले अहिले नै मुक्तिको लागि प्रार्थना गर्न सक्नुहुन्छ र त्यसलाई येशू ख्रीष्टद्वारा सित्तैंको वरदान स्वरूप परमेश्‍वरबाट प्राप्त गर्न सक्नुहुन्छ ।

त्यसपछि यस पृथ्वीमा तपाईंले आफ्नो जीवनभरि गर्नुहुने सारा पापहरूलाई परमेश्‍वर पिताले हेर्नु हुनेछैन । र परमेश्‍वर पुत्र, जब पृथ्वीका सारा बासिन्दाहरूमाथि धर्मी न्यायकर्ताको रूपमा शासन गर्न फेरि आउनुहुनेछ, त्यसबेला तपाईंलाई उहाँको मित्र र भाइ (या बाहिनी) को रूपमा दाबी गर्नुहुनेछ, उहाँले तपाईंलाई हे मानिस मैले तँलाई कहिल्यै पनि चिनेको थिईन भन्नु हुनेछैन ।

यो बहुमूल्य खजानालाई, इनामको रूपमा प्राप्त गर्नको लागि तपाईंले येशू ख्रीष्टलाई आफ्नो मुक्तिको चट्टान बनाउन आवश्यक पर्दछ । मैले त जुन १६, १९८० मा त्यसो गरेको थिएँ, जब म ग्वाममा स्थापित भएँ र येशू ख्रीष्टको एक

साँचो विश्वासी बने । पैदल यात्रा गर्दा खेरिको मेरा मित्र वेरनरले पनि सोही वर्षमा त्यो गरे, जब उनी मिश्र देशमा गएका थिए र सीनै पर्वतको टाकुरामा थिए । त्यहीँ नै उनले पवित्र बाइबललाई खोले र पढे अनि त्यसपछि येशूलाई आफ्नो जीवनको प्रभु बनाए ।

तपाईं माथिल्लो तहमा पुग्न आवश्यक छ ।

तपाईं अब परमेश्वरको निर्देशनको लागि प्रार्थना गर्न सक्नुहुन्छ यो माग्दै कि उहाँको पवित्र आत्माले तपाईंलाई त्यो चट्टानसम्म पुग्नलाई अगुवाइ गरोस् जो तपाईंभन्दा माथि हुनुहुन्छ ।

तपाईं अब त्यस चट्टानतिर जान सक्नुहुन्छ जो सबैभन्दा अल्गो हुनुहुन्छ ।

* * *

तपाईंले येशू ख्रीष्टलाई आफ्नो हृदयको मुख्य स्थानमा रहेको सिंहासनमा राखेर YHWH परमेश्वरबाट अनन्त जीवनलाई प्राप्त गर्नुहुन्छ, जो हाम्रो ब्रह्माण्डलाई सृष्टि गर्ने त्रिएक YHWH परमेश्वर हुनुहुन्छ । उहाँ नै त्यस स्थानमा रहन योग्य र त्यस किसिमको आदर पाउन योग्यको हुनुहुन्छ । उहाँ सर्वप्रथम परमेश्वर पुत्र हुनुहुन्थ्यो, तर जब उहाँले मानव शरीर धारणा गरेर जन्म लिनुभयो यहाँ रहनेहरूमध्येमा उहाँ नै केवल एकमात्र पापरहित र धर्मी व्यक्ति बन्नुभयो । तापनि तपाईंको खातिर उहाँले आफैलाई क्रूसमा बलिदान गर्नुभयो, तपाईंको निम्ति, मेरो निम्ति र यस पृथ्वीमा रहेका हरेक ठाउँका मानिसहरूका निम्ति उहाँले आफूमाथि सारा दोष र पापहरूलाई लिनुभयो– ताकि जो कसैले मुक्ति पाउने इच्छा गर्दछ ती व्यक्तिहरूलाई पापहरूका निम्ति रहेको दण्ड देखि छुटकारा मिल्न सकोस् ।

**यदि तपाईंले यसो गर्नुहुन्छ भने, तपाईंले एक नयाँ सन्तोष र शान्तिलाई प्राप्त गर्नुहुनेछ जसै तपाईंले यस ब्रह्माण्डको निम्ति रहेको त्रिएक YHWH परमेश्वरको संगठित योजनालाई स्वीकार गर्नुहुन्छ... किनभने तपाईंले त्रिएक YHWH परमेश्वरलाई यस संसारका सारा कुराहरूको शासक हुनलाई दिइरहनुभएको हुनेछ... र तपाईंको आफ्नो जीवनको पनि ।**

यसको निम्ति वास्तवमा नै आवश्यक पर्ने कुरा एउटा सरल तर निष्कपट प्रार्थना मात्र हो– जुन तपाईंले आफ्नै शब्दहरूद्वारा तयार पार्नुपर्दछ । छुटकारा र त्रिएक YHWH परमेश्वरको अगुवाइको निम्ति गरिने प्रार्थना तपाईंको आफ्नो हृदयदेखि निस्केको हुनुपर्दछ !

**प्रार्थनामा तपाईंले समावेश गर्न सक्ने केही महत्वपूर्ण कुराहरू शायद यी हुन सक्दछन् :**

१) ती गलत या दुष्ट कुराहरूदेखि टाढा हुने तपाईंको इच्छा जुन तपाईंको विगतमा थिए, र विगतको जीवनमा रहेका पापहरूप्रति तपाईंको प्रायश्चित ।

२) परमेश्वरको एकमात्र पुत्रको (येशू ख्रीष्टको) बलिदानको कार्यद्वारा प्राप्त हुने त्रिएक YHWH परमेश्वरको क्षमा र दयाको निम्ति रहेको तपाईंको इच्छा ।

३) आफ्नो जीवनमा त्रिएक YHWH परमेश्वरको अगुवाइ रहेको कुरा थाहा पाउने तपाईंको इच्छा ।

४) बाइबल अध्ययनद्वारा त्रिएक YHWH परमेश्वरको सत्यतालाई सिक्ने तपाईंको इच्छा ।

५) साँचो विश्वासीहरूसँग गरिने संगति भेट्टाउने तपाईंको इच्छा ।

**जब तपाईंको उद्धार हुन्छ, तपाईंलाई थाहा हुनेछ कि येशू यस ब्रह्माण्डको राजा हुनुहुन्छ र तपाईंको जीवनको चाहिँ प्रभु हुनुहुन्छ । तपाईंले सर्वशक्तिमान YHWH परमेश्वरको तीन मुहारहरू : परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मालाई थाहा गर्नुहुनेछ ।**

**उहाँको पवित्र ज्योति तपाईंको आफ्नो मुहार र कार्यहरूमा देखिनलाई शुरू हुनेछन् ।**

**येशूले परमेश्वरका मानिसहरूको विषयमा भन्नुभएको छ** कि "स्वर्गको राज्य समुद्रमा हालेको एउटा महाजाल जस्तो हो । त्यसले किसिम किसिमका माछाहरू जम्मा गरेर ल्यायो । त्यो भरिएपछि तिनीहरूले किनारमा तानी निकाले, र बसेर असल जति भाँडाहरूमा जम्मा गरे, र खराब जत्ति फालिदिए । जगतको अन्तमा यस्तो हुनेछ, स्वर्गदूतहरूले आएर दुष्टहरूलाई धर्मीहरूको बीचबाट छुट्याउनेछन् र तिनीहरूलाई आगोको भट्टीमा फालिनेछन् । त्यहाँ रूवाबासी र दाह्रा किटाइ हुनेछ ।

*माथि उल्लेख गरिएको वचन मत्ती १३:४७-५० बाट लिइएको हो । मत्ती येशू सँगसँगै हिँड्डुल गरेका र उहाँको एक समर्पित चेला थिए ।*

परमेश्वरका मानिसहरू एउटा बीउ जस्तो छ जुन कसैले चाल नपाईकन बढिरहेको हुन्छ भन्ने कुरा **येशूले यस वचनद्वारा बताइरहनुभएको छ, "परमेश्वर**को राज्य यस्तो छ– कोही एउटा मानिसले जमीनमा बीउ छर्छ, औ रात-दिन सुत्छ र

उठ्छ र बीउ चाहिँ उम्रन्छ र बढ्छ । तर त्यो कसरी भएको हो सो त्यसले जान्दैन । जमीन आफैले फल फलाउँछ– पहिले बोट, त्यसपछि बाला, तब बालामा पूरा अन्न । तर जब फल पाक्छ, तब तुरून्तै त्यसले हँसिया लगाउँछ । किनभने फसलको बेला आइपुगेको हुन्छ ।"

*माथि उल्लेख गरिएको वचन मर्कूस ४:२६-२९ बाट लिइएको हो ।*

हामी सबैले यो पनि याद राख्न जरूरी छ :

१) हामो प्रार्थनाद्वारा **हामीले त्रिएक YHWH परमेश्वरसँग कुरा** गर्दछौं ।

२) पवित्र बाइबलका वचनहरूद्वारा **त्रिएक YHWH परमेश्वरले हामीसँग बोल्नुहुन्छ** जुन चाहिँ उहाँको पुत्रद्वारा परमेश्वरको वचनमा लेखियो ।

त्यसैले उहाँको वचन र उहाँको पुस्तकलाई हामीले सम्भव भएजतिसम्म सँधै नै पढ्ने प्रयास गर्नुपर्दछ... दैनिक रूपमा नै पढ्नुपर्दछ !!

*सर्वशक्तिमान YHWH, इस्राएल र सारा पृथ्वीका त्रिएक परमेश्वरले तपाईंलाई उहाँको एकमात्र मानिसको पुत्र, येशू ख्रीष्ट– येशूवा, इस्राएलको मसीह... चाँडै आउन लागिरहनुभएको इस्राएल र सारा पृथ्वीका राजाद्वारा आशिष दिन चाहनुहुन्छ– त्यसैले तपाईंको खोजलाई उहाँको क्षमा र ज्ञानको अनुग्रहले पुरस्कृत गर्न दिनुहोस् !*

*हामी रहेको यस जटिल र एकदमै अलमल पार्ने ब्रह्माण्डलाई बुझ्ने तपाईंको सारा लामो प्रयासको निम्ति एक YHWH परमेश्वरले तपाईंलाई आशिष दिन चाहनुहुन्छ । उहाँले तपाईंलाई पापका सामान्य ज्यालाहरू र उहाँको क्रोधका भयानक दिन जुन अझ आउनै बाँकी छ सोहीबाट बचाइएको चाहनुहुन्छ– त्यसैले तपाईंको लामो खोजलाई उहाँको क्षमा र ज्ञानको अनुग्रहले पुरस्कृत गर्न दिनुहोस् !*

*उहाँको न्यायको समय आउनुभन्दा अघि... अहिले–आज नै राम्रोसँग त्यस विषयमा असल अभिप्रायलाई प्रकट गर्नु नै राम्रो हुन्छ । ताकि तपाईंले आफूले गरेको छनौटहरूप्रति पछुतो गर्दै सारा अनन्तकाललाई बिताउन नपरेको होस् ।*

*तपाईंको सामुन्नेमा जीवन र मृत्युलाई राखिएको छ । परमेश्वरको वचनले भन्दछ, "मलाई घृणा गर्ने सबैले मृत्युसित प्रेम राख्छ ।" येशू ख्रीष्ट र उहाँको स्वर्गीय पितासँग रहेको अनन्त जीवनलाई नै रोज्नुहोस्... दुष्ट शासक जसलाई येशूले "अन्धकारको राजकुमार" भन्नुभएको छ," उसँग रहेको अनन्त अन्धकारलाई चाहिँ नरोज्नुहोस् । जस्तो कि परमेश्वरको एकमात्र पुत्रले हामीलाई लामो समयअघि नै चेतावनी दिनुभयो... शैतान नाम गरिएको एक व्यक्ति सँधैको एउटा हत्यारा र सँधैको लागि झूटको पिता हो ।*

*शैतानको युगौं पुरानो निरंकुशतालाई होइन, तर खीष्टमा रहेको नयाँ जीवनलाई नै रोज्नुहोस्... र आखिरमा तपाईंले स्वर्गतिर जाने साँघुरो बाटोलाई भेट्टाउनु हुनेछ.... लोकप्रिय फराकिलो बाटोलाई छोड्नुहोस् जुन बाटोले त केवल नरकको शासनाहरूतिर मात्र डोऱ्याउँछ ।*

*त्रिएक YHWH परमेश्वरको बुद्धिलाई स्वीकार गर्नुहोस्.... उहाँको एकमात्र मानिसको पुत्रको धार्मिकता, पवित्रता र ईश्वरत्व... र स्वर्गीय पिताले अबदेखि उसो तपाईका आफ्ना पापहरूलाई र त्रुटिहरूलाई कहिल्यै पनि देख्ने छैन । ती सबै, त उहाँको नजरबाट शुद्ध पारिने कार्यद्वारा लुकाइएका हुनेछन् जुन चाहिँ येशू खीष्ट, परमेश्वरको थुमाको रगतमा रहेको योग्य बलिदान छ ।*

*YHWH परेमश्वरको जीवन जिउने तरिका र वुद्धिलाई नै प्रेम गर्नको लागि छान्नुहोस्–स्वयंलाई विनाशमा पुऱ्याउने भूटो व्यक्तिको मार्गलाई चाहिँ होइन !*

यो निर्देशिका तपाईंको निम्ति अंग्रेजीमा...
केन स्ट्रीटद्वारा लेखिएको थियो, जो येशू र उहाँको मार्गलाई पछ्याउने बप्तिस्मा पाएको व्यक्ति हुनुहुन्छ ।

vers 3c, edition of 7/30/10, but with Nepali translation added in June 2014

© Copyright 2005, 2010, 2014 by Roddy Kenneth Street, Jr.

यो निर्देशिकालाई नेपालीमा अनुवाद...
नेपालमा रहेका खीष्ट विश्वासी स्वयं-सेवकहरू : आईजेक राई र माइकल राईद्वारा गरिएको हो ।

यो स्ट्रीट ट्र्याक्समा उपलब्ध ९० वटाभन्दा बढी पर्चाहरूमध्ये केवल एउटा पर्चा मात्र हो । अरू पर्चाहरू KingJesusChrist.com, JesusChristEurope.com, JesusChristAsia.com, र Jesus Information Network मार्फतका साइटहरूमा प्राप्त गर्न सक्नुहुनेछ... साथमा, JesusChristInformation.com र JesusInformation.net पनि अवश्य छँदैछन् !

निःशुल्क e-tracts, printing patterns र थप लाभदायक सामग्रीका लागि हाम्रा वेव साइटहरू हेर्नुहोला !

E-mail: etracts@yahoo.com अथवा etracts @ gmail.com

* बाइबलका पवित्र वचनहरूबाट अभिप्रेरित अन्य थुप्रै कथनहरूसहितका पदहरूलाई थाहा गर्नका निम्ति, कृपया **"आश्चर्यमय अग्निको मन्दिर"** को हाम्रो नयाँ संस्करणलाई पढ्नुहोस् । (**"नेपालमा ज्योति पुऱ्याऔं"** पुस्तक श्रृङ्खलाको यो पुस्तिका नं १ हो ) । यसलाई

पहिलो पटक छापिँदा यसको मौलिक संस्करणमा सन्दर्भ पदहरूका रूपमा मात्र छोटकरीमा समावेश गरिएका पदहरूलाई पनि अहिले आएर बाइबलका सम्पूर्ण सन्दर्भ पदहरूका पूरा कथनहरूलाई थपेर यसको पाठ्य सामग्रीलाई विस्तृत पारिएको छ...!

*YHWH परमेश्वर एक अत्यन्तै सहनशील किसान र एउटा एकदमै समर्पित पिता हुनुहुन्छ...*

*उहाँले येशू ख्रीष्ट, उहाँको एकमात्र मानिसको पुत्रमा रहनुभएको परमेश्वर पुत्रद्वारा काम गर्नुहुन्छ...*

*जसै उहाँले यस पृथ्वीमा रहेको फसललाई निरन्तर कटनी गरिरहनुभएको छ... जसै पृथ्वीलाई परिवर्तन गर्नको निम्ति उहाँसँग रहेको दीर्घकालीन योजना अगाडि बढ्दछ...!*

केही गरी तपाईंले कुनै बेलामा मौका पाउनुभयो भने कृपया हाम्रा इन्टरनेट साइटहरूलाई पनि हेर्नुहोला, जहाँ तपाईंले नेपाली भाषामा अनुवाद गरिएका यही श्रृङ्खलामा रहेका अझ अरू थप सुसमाचारीय पुस्तिकाहरूलाई पढ्न पाउनुहुनेछ । तपाईंले त्यहाँ रूवेन राईद्वारा (पर्चा क्रमाङ्क १) र आईजेक राई, माइकल राईद्वारा (पर्चा क्रमाङ्क २–८) अनुवाद गरिएको सामग्रीहरुलाई पढ्न पाउनुहुनेछ । कृपया संकोच नमानी हाम्रो वेब साइट हेरिदिनुहोला...

www.**JesusChristNepal.com**

...जहाँ तपाईंले निःशुल्क अनलाई पाठ्य सामग्रीको रूपमा "नेपालमा ज्योति पुऱ्याऔं" सन्देशहरूको पूरै श्रृङ्खलालाई प्राप्त गर्न सक्नुहुनेछ । त्यहाँ तपाईंले नेपालसँग केन्द्रित रहेका सबै निःशुल्क र अनलाइन वृत्तान्त-सन्देशहरूलाई भेट्टाउनुहुनेछ जुन सामग्रीहरूलाई केन स्ट्रीटले ठीक उही वृत्तान्त-पाठहरूका श्रृङ्खलाहरूमा लेख्नुभएको छ । ती सबै सामग्रीहरू पढ्नका लागि निःशुल्क र हरेक व्यक्तिका लागि बिना पैसामा उपलब्ध छन् । यदि तपाईंले कुनै पनि बेलामा यी साना वृत्तान्त-सन्देशहरूमध्ये एउटालाई पढ्नुभएको छ भने, कृपया मलाई केही शब्द (अंग्रजीमा) लेखेर जुनै बेलामा भएपनि ईमेल पठाएर थाहा दिनुहोला । म "केन" हुँ र मेरो ठेगाना etracts@yahoo.com र etracts@gmail.com हो । यदि मेरो सन्देशलाई चाखलाग्दो पाउनुभयो भने मलाई अंग्रेजीमा केही छोटो कुरा "लेखेर" पठाउनुभन्दा अघि नै म तपाईंलाई धन्यवाद दिन चाहन्छु...!

रूबेन राईको सुसमाचारिय सेवकाइहरू (र नेपालमा एक-अर्कासँग मिलेर सेवकाइ गरिरहेका धेरै अरू सेवकहरूका विषयमा पनि), थप जानकारी प्राप्त गर्नको लागि कृपया रूबेनका दुइ साइटहरू पनि हेर्नुहोला...

www.**ChurchesNetwork.com** र www.**ChurchInNepal.org**

Pastor **Reuben Rai**: reubenrita@yahoo.com telephone: 9803268004
Pastor **Thomas Rai** (Bagdol, Lalitpur): raithomas@gmail.com.np ,
tel.: 9841421408 ; Pastor Thomas Rai's site is www.**gcmnepal.org**
**Isaac Rai & Michael Rai**: nepalitranslation@yahoo.com,
nepalitranslations@gmail.com, or via mailbox at
P.O. Box. No: 10875, Kathamndu, Nepal